Unification Movement को विग्रहको यर्थाथ प्रष्ट्याउँदै Mr. Howard Self द्वारा युनिफिकेसन मुभमेन्टका सदस्यहरु र DC उच्च अदालतलाई लेखिएको खुला पत्र ।

Mr. Self सन् १९७५ मा Unification Movement मा आबद्ध हुनुभएको थियो । त्यसपछि उँहाले Victory Over Communism (VOC), CARP, HSA-UWC, FFWPU, AFC, ACC, UPF, GPF र FPA लगायतका संघ संस्थाहरुमा नेतृत्वदायी भुमिका निर्वाह गर्नु भएको छ ।

Mr. Self ले Unification Theological Seminar बाट सन् १९७८ मा स्नातकोपाधि हासिल गर्नुभएको हो र हाल Right To Believe को अध्यक्षको रुपमा कार्य सम्पादन गरिरहनुभएको छ जुन संस्था सबैको धार्मिक स्वतन्त्रताको रक्षा गर्न कार्यरत छ ।

म जुन पदमा रहेर जिम्मेवारीहरु सम्हाले, त्यहाँबाट हाल चलिरहेको धार्मिक मतभिन्नताका कति पय पक्षहरुका अरु सदस्यहरुले देख्न नसकेका कुराहरु मैले प्रत्यक्ष आफ्नै आँखाले देख्न पाएको छु । मैले यो खुला पत्र त्यस्ता सत्य तथ्य सोझै सबैको सामु ल्याउन र ईश्वरको सत्य र प्रेमले विभाजनलाई पार गरेर फेरि एक पटक हामी एक संयुक्त परिवार हन सकोस् भन्ना खातिर लेखेको हुँ ।

## Unification Movement विभाजन हुनुको सत्यता

DC अदालतले के गल्ती गरेको छ ?

Rev Sun Myung Moon अधिकांस समकालीनहरुका लागि विवादस्पद व्यक्तिको रुपमा रहनुभयो । उहाँले आफ्नो जीवन अवधिमा एउटा सशक्त र अत्यन्त गहन ज्ञानीको रुपमा एउटा प्रभाव छोड्नुभयो । ईश्वरको प्रेम प्राप्त मानव परिवारमा एकता र शान्तिको प्रवद्धन गर्नका लागि उँहाले एउटा गतिशील Global आध्यात्मिक आन्दोलनलाई प्रेरणा र मार्गदर्शन प्रदान गर्नुभयो । उँहाको दृष्टिकोण र शिक्षणबाट मानवतासंग सवन्धित अत्यन्त नाजुक समस्याहरुको सम्वोधनमा केन्द्रित रहेका विश्वभरिका सयौ संघसँस्थाहरुको कामलाई अभिप्रेरित गरेका छन् । यी संघ संस्थाहरुलाई नै संयुक्त रुपमा Unification Movement भनेर चिनिन्छ ।

यद्यपी कतिपय मानिसहरुले उँहालाई शुरु शुरुमा धार्मिक नेताको रुपमा पनि लिए तर Rev Moon ले आफ्ना गतिविधिहरुलाई चर्च वा कुनै धर्म विशेषको गतिविधिको रुपमा सीमित गर्नुभएन ।[1] [2] उदारणको लागि विधर्मी कम्युनिष्टहरु बाट उँहा विरुद्ध खडा गरिएको गम्भीर खतरालाई पहिचान गर्दै Rev Moon ले १९७० को दशकमा मार्क्सवादको भ्रमजाललाई नङग्याउन विश्वव्यापी रुपमा शैक्षिणीक पहलकदमी गर्नुभयो । स्वतन्त्रता र लोकतीन्त्रक सिद्धान्तको प्रतिरक्षालाई सकल बनाउनका लागि Rev Moon को नेतृत्व र पहलकदमीले पारेको उल्लेख्य प्रभावलाई मुख्य नेतृत्वकर्ता लिडरहरुले प्रष्ट संग बुझेका थिए । राष्ट्रपति रोनाल्ड रगनका रक्षा सचिव क्यास्पर वीनबर्गरले वासिगंटन डि.सी मा आयोजित एक सार्वजनिक कार्यक्रममा के भनेका थिए भने Rev Moon एक मात्र यस्ता मानिस हुनुहुन्थ्यो जसले शीत युद्धमाथि विजय प्राप्त गर्नुभएको थियो । तर, Rev Moon को जीवनभरको प्रतिबद्धता ब्रम्हाण्डीय शान्ति स्थापनाको लक्ष्यमा केन्द्रित थियो । तदनुरुप, सोभियत संघको विघटन लगतै अनेकौ अन्तराष्ट्रिय शान्ति संघ संस्थाहरुको सुरुवात गर्नुभयो ।

Unification Movement ले पारेको एउटा उल्लेखनीय प्रभाव हो त्यो । Rev Moon ले प्रारम्भ देखि नै अभियानलाई उच्च आदर्श र विश्वव्यापी प्रभावयुक्त बनाउनुभयो । बीसौ शताब्दी को अन्तिम दशक सम्ममा यो अभियानले उल्लेखनीय उपलब्धिहरु हासिल गरिसकेको थियो र नयाँ गति एवं उत्साहसाथ नयाँ सहस्राब्दीको निम्ति महान प्रतिवद्धता अघि बढाइसकेको थियो ।

अत्यन्त दु:खत कुरो चाहि के रह्यो भने Rev Moon को स्र्वग बासको आठ वर्ष वितिसकेको वर्तमान अवस्थामा Unification Movement भित्रको बिग्रहवादले उहाँको यो महान प्रतिवद्धतामा गम्भीर खतरा आइपरेको छ । Rev Moon का कार्यहरुबाट निस्रित सच्चा चाह र भावकासाथ अघि बढाउनका लागि किर्तिमानी ढंगबाट काम गर्नु आवश्यक छ । Unification Movement मा आएको विग्रहको यथार्थलाई स्पष्ट पार्ने विस्तृत पृष्ठभुमी यहाँ दिइएको छ । कानुनी लडाई शुरु भइसकेकोले गर्दा यी यथार्थगत दृष्ट्रिकोणहरुलाई राम्ररी बुझ्नु आवश्यक हुन गएको छ । दुर्भाग्यवस हाम्रो देशको राजधानीको अदालतमा हामी सबैको विश्वासको अधिकार Right to Believe कुण्डित हुने गरी यो अभिलेखलाई वेवास्ता गरिएको छ ।

Rev Moon ले १९४५ मा विश्वयुद्धको समाप्ति र कोरीयाली प्रायद्धीपको विभाजन पछि सार्वजनिक जीवनको सुरुवात गर्दा अत्यन्त ठुला समस्याहरु सामना गर्नुपरेको थियो । कोरियाको कठोर जेलजिवन यातना र कोरियाली युद्धको विभिसिकाबाट बाचेर उहाँले कारियाको दक्षिणी शहर बुसानमा एउटा कुटले बनाएको झुपडि बाट आफ्नो मुमभेन्ट निमार्णको शुरुवात गर्नुभएको थियो । युद्धको समाप्ती लगतै उहाँ सियोल तर्फ प्रस्थान गर्नुभयो र १९५४ मा Unification Movement को मुल संगठन स्थापना गर्नुभयो । यसमा महत्वपुर्ण कुरा के रह्यो भने उहाँले यसको नाम Holy Spirit Association for the Unification of World Christianity (HSA-UWC) राख्नु भयो । उहाँले त्यसो गरेर के संकेत दिनु भएको थियो भने त्यो कुनै एउटा चर्चको शाखाको रुपमा थिएन अपितु त्यो त एकीकरण लाई प्रवर्द्धन गर्ने एक आध्यात्मिक संगठन थियो ।

HSA-UWC लाई एउटा संगठित साधनको रुपमा प्रयोग गरिएको थियो । यसको सुरुवाती कालदेखि नै Rev Moon ले आफ्ना प्रवचनहरुमा यो व्याख्या गर्नुभएको थियो कि यो कुनै धार्मिक संगठनको निर्माण गर्ने नभई विश्वशान्तिका लागि आधारको रुपमा ईश्वर केन्द्रित परिवारहरुको प्रवद्धन गर्नु नै उहाँको अन्तिम लक्ष्य थियो । उहाँले HSA-UWC लाई आफ्ना आगामि मुल केन्द्रिय काम र कार्य क्षेत्रको निम्ति आधार बनाउनका लागि आवश्यक संस्थाको रुपमा व्याख्या गर्नुभएको थियो । जसै Unification Movement को बढोत्तरी हुदै गयो र यसका परियोजना संगठनहरु विस्तारित हुदै गए, ठुला संञ्चार माध्यम र Movement का आलोचकहरुबाट यसलाई Unification Church को नाम दिएर वदनामी गर्न थालियो ।

Catholic Church र शताब्दि औ देखि बनेका Christian Church संग संबन्धित धार्मिक संगठनहरु जस्तो नभई Unification Movement त एउटा दैविय आकर्षण युक्त नेतृत्वको मार्ग दर्शनमा चलेको एउटा गतिशिल र विधिविधान युक्त आन्दोलन हो । Rev Moon का शिक्षणहरुका अनुसार एडयामको प्रथम परिवार देखि नै अपुर्ण रहेको ईश्वरको सिर्जनाको उद्देश्यलाई अन्तत ईश्वरकेन्द्रित परिवारहरु मार्फत प्रमाणिकरण गरिनुपर्छ । जिससको उपचारकको भुमिका र इश्वरीय साम्राज्यको अन्तिम पुर्णता लाई एडयामको जिम्मेवारी सन्दर्भमा लिने गरिएको छ । अभियानमा आबद्ध कुनै पनि संघ संस्थाको औपचारिक

जिम्मेवारी नलिनुभए पनि उसका सम्पुर्ण सदस्यहरुद्धारा Rev Moon लाई Unification Movement को दिशा धर्मशास्त्र र शासन व्यवस्थामा संपुर्ण अधिकार प्राप्त एक पुर्णत आध्यात्मिक प्राधिकारवाला एडयामको रुपमा लिइएको थियो ।

Rev Moon ले परिवार त ईश्वरच्छाको केन्द्र भएको हुनाले मानवको निम्ति सबैभन्दा महत्वपुर्ण संस्था हो भन्ने गज्जबको शिक्षण प्रदान गर्नुभएको थियो । शुरुदेखि नै Unification Movement का सदस्यहरुले के बुझेका थिए भने जेठो छोराको परम्परा मार्फत निसृत हुदै आएका विधिविधानगत केन्द्रिय भुमिका र प्राधिकार Rev Moon र उहाँका परिवारका सदस्यहरुमा निहित रहेको छ ।

Rev Moon ले के सिकाउनु भयो भने एडयाम परिवारले सफलतापुर्वक साँचो परिवारको एउटा मानक खडा गरि तिन पुस्ते क्रम मार्फत साँचो परिवारको आदर्श स्थापना गर्नका लागि एउटा नजिर बनाउनुपर्छ । स्वभावत आमाबुबाले आफ्ना प्राधिकारहरु अर्को पुस्तालाई हस्तान्तरण गर्नमा सघाउ पुर्‍याउछन् । आपसी समझदारीमा जब छोराले आफ्नो पारिवारिक नेतृत्वको जिम्मेवारी सकेसम्म बढी लिईरहेको हुन्छ र त्यसमा आमाले चाहिं परिवारका सदस्यहरुलाई ढाडस दिदै महत्वपुर्ण सहयोग गर्छिन् । परिवारमा आपसी एकता र हार्दिकता कायम गर्दै परिवारको मान मर्यादालाई सबलीकरण गर्ने काममा सो परिवारका सवै सदस्यहरुको आ आफ्नो जिम्मेवारी हुन्छ । पुस्ता दर पुस्ता आफ्ना परिवारको पहिचान र परम्परालाई अक्षुण राख्नु हरेक परिवारको लागि स्वाभाविक प्रकृया हो । विधिविधानगत अपेक्षाहरुलाई पुरा गर्नका निम्ति Rev Moon को परिवारलाई यी प्रकृया र त्यस पश्चात को एकता अपरिहार्य थियो ।

## HSA- UWC बाट FFWPU मा आएको एक युगान्तकारी छलाङ

आफ्नो विधिविधानगत अभियानमा निरन्तर सुधार गर्दै जाने स्वभावको संकेत स्वरुप Rev Moon ले सन् १९९१ मा परिवर्तनहरुको श्रृङ्खला नै शुरु गर्नुभएको थियो । HSA- UWC स्थापनाको ४० औ वार्षिकोत्सव अवसरमा उहाँले चर्च युगको समापन र परिवार केन्द्रित नवयुगको शुरुवात भएको घोषणा गर्नुभएको थियो । उहाँले HSA- UWC को विघटन गरेर त्यसको स्थानमा FFWPU को नयाँ संरचना स्थापना गर्नका लागि आदेश दिनुभयो ।[3 4] यो परिवर्तन Unification Movement का लागि युगान्तकारी छलाङ थियो । यसरी चर्च झै केन्द्रिकृत संरचना बाट हरेक सदस्य र उनीहरुका परिवारहरुलाई सशक्तिकरण गर्ने विकेन्द्रित र जनस्तरको संगठनमा भएको रुपान्तरण थियो । यो केवल संगठनात्मक परिवर्तन थिएन यसले त विधिविधानगत तहमा आएको ठुलो मोडको प्रतिनिधित्व गरेको थियो । Rev Moon ले चालिस वर्षको सुरुवाती प्रतिरोधलाई पार गरेर एउटा आवश्यक पुर्वाधार बनाईसकेपछि ईश्वर केन्द्रित एकिकृत वैश्विक परिवार निमार्ण गर्ने मौलिक देवदुतिय लक्ष्यलाई कार्यान्वयन गर्नका लागि अन्तत एउटा साधनको सुरुवात गर्नु भयो । यसको नामबाटै प्रष्ट हुन्छ कि FFWPU विश्व शान्ति र एकिकरणको निर्माणमा प्रतिवद्ध ईश्वर केन्द्रित परिवारहरुको एउटा महासंघ वन्नुपर्ने थियो ।

चुरो विषयमा आएको मुलभुत छलाङ संगै Rev Moon ले नयाँ पुस्ताका लिडरहरुका लागि मुख्य रुपान्तरणको पनि सुरुवात गर्नुभयो । सबैभन्दा महत्वपुर्ण त के भने Rev Moon जब ७८ बर्षको हुनुहुन्थ्यो त्यसवेला अर्थात १९९८ मा उहाँले आफ्नो छोरा Dr. Hyun Jin Preston Moon लाई एडयामिक प्राधिकारको प्रमुख जिम्मेवारी सहित Unification Movement को नेतृत्व गर्नका लागि आफ्नो उत्तराधिकारी नियुक्त गर्नुभयो । यो ऐतिहासिक घोषणा गरिएको विशेष समारोहमा Dr. Hyun

Jin Preston Moon लाई FFWPU को अन्तराष्ट्रिय उपाध्यक्षमा समेत नियुक्ति गरिएको थियो । उक्त मुलभूत विधिविधानगत रुपान्तरणका वीच Rev Moon ले Dr. Hyun Jin Preston Moon लाई आफ्ना सम्पुर्ण आध्यामिक अख्तियार प्रदान गर्नुभयो र Dr. Moon लाई आफ्नो उक्तराधिकारी भएकोमा खुसी पनि व्यक्त गर्नुभयो जुन एउटा निर्णयक कोशेढुंगा थियो । उक्त समारोहमा आफ्नो संवोधन भाषणमा Rev Moon ले यो पनि संकेत दिनुभयो कि विधिविधानको इतिहासमा त्यो एउटा सबैभन्दा महत्वपुर्ण क्षण थियो र ईश्वरले समेत चीरकालदेखि त्यसको प्रतिक्षा गरिरहनुभएको थियो । Rev Moon ले यो पनि प्रष्टसंग भन्नुभयो कि Dr. Hyun Jin Preston Moon मात्रै त्यस्तो व्यक्ति हुनुहुनेछ जसले यो मुमभेन्टलाई नया युगमा अगाडि हाक्न र नेतृत्व गर्ने सक्नुहुनेछ। जहाँसम्म Rev Moon र Unification Movement को कुरा छ दुबैको उत्तराधिकारीको विषय त्यस्तै दिन छिनोफानो भई टुंगोलागिसकेको हो ।[5]

यो कुरा उल्लेख गर्नु महत्वपुर्ण हुन आउँछ कि मसिह को अवधाराणलाई अलग अलग मत परम्परामा अलगअलग ढंगले वुभ्mने गरिएको छ । Unification Movement को मतको दृष्ट्रिकोण अब्राहमिक परिवारको यहुदि मत जस्तै रहेको छ। यसमा मसिहाको विछट्टको जिम्मेवारीमा प्रमुख ध्यान दिइएको हुन्छ जहाँ मसिहा त्यस्तो व्यक्ति हुन्छ जसले अत्यन्तै ठुलो महत्वपुर्ण कामको लक्ष्यलाई पुरा गर्छ। अर्कोतिर धेरै क्रिश्चियनमत परम्पराले मसिहलाई पुर्ण ईश्वर र पुर्ण मानव मान्दछ । यो क्लिष्ट धर्मशास्त्रीय अवधारणालाई यसका अधिकांस श्रदालुहरुले जिससलाई भगवान बुभ्mदछन् ।

Unification Movement को दृष्ट्रिमा मसिह त केन्द्रिय विधिविधानगत स्थानमा रहने ईश्वर केन्द्रित मानिस हुन जो आदर्श परिवारको लागि खास उदाहरण बनाउने जिम्मेवारी युक्त हुन्छ र ईश्वरद्धारा घोषित व्यक्ति हुन्छ। एडाम र उनको परिवारले जे पुरा गर्न सकेनन् त्यसको पुर्ति गर्नु नै सबैभन्दा ठुलो लक्ष्य हो यस प्रकार मसिह त ईश्वर केन्द्रित त्यो मान्छे हो जसले एडमको ईश्वर केन्द्रित परिवार स्थापनाको लक्ष्यलाई पुरा गर्दछ। यो कार्य पुर्ण रुपमा मानिसको जिम्मेवारीको क्षेत्रभित्र पर्दछ।

यस कुरोको सन्दर्भ यो हो कि Rev Moon ले आफुले एक मसिहको रुपमा पुरा गर्नु भएको भुमिकालाई आत्मसाथ गर्नुभयो । उहाँ युवास्थामा छँदा नै जिससले उहाँलाई एउटा मसिहाले गर्नुपर्ने काम पुरा गर्न आदेश दिनुभएको थियो । यसरी Rev Moon ले "बुक अफ जेनेसिस" (उत्पतिको सिद्धान्त) मा यो उल्लेख गर्नु भयो कि मूख्य एडामले पूरा गर्न नसकेको लक्ष्यलाई पूरा गर्नका लागि दोस्रो एडामको रुपमा जिससको आगमन भएको थियो । महसिकाको लक्ष्यलाई पूरा गर्न भनी जिससले नै उहाँलाई आह्वान गरेको हुनाले Rev Moon ले आफैले त्यो भुमिका तेस्रो एडामको हो भन्ने बुभ्mनुभयो । र सबैभन्दा महत्वपूर्ण कुरा त के रह्यो भने उहाँले आफ्ना सुपुत्र Dr. Hyun Jin Preston Moon लाई यो लक्ष्य पुरा गर्नका लागि उत्तराधिकारीको रुपमा पहिचानन गर्दै गर्दा Dr. Moon लाई चौथो एडाम भएको घोषणा पनि गर्नुभयो ।

एक सिद्ध अत्यात्मवादी र (आध्यात्मिक), ओलम्पियन र सफलतम उद्यमी Dr. Hyun Jin Preston Moon त्यतिबेला २९ बर्षको हुनुहुन्थ्यो जब उहाँलाई FFWPU को उपाध्यक्ष बनाएर औपाचारिक पद प्रदान गरिदै थियो Dr. Hyun Jin Moon को एड्यामिक छबि सहितको आध्यात्मिक प्राधिकारले Unification Movement का थुप्रै पुराना अक्ष्यक्षहरु लगाएत सबैजसोलाई स्थानापन्न गरियो । १९९८ मा भएको Dr. Hyun Jin Moon को नियुक्तिमा भर परेर Rev Moon ले Unification Movement को शिर्षस्थ नेतृत्व तहमा निर्णायक पुस्तान्तरणले शुरुवात गर्नुभयो । त्यसमा उहाँले आफ्नो उमेर

हाराहारीका लिडरकहरुको ठाउँमा आफुले नियुक्त गरेका उत्तराधिकारी Dr. Hyun Jin Moon को उमेर समुहका लिडरहरुलाई स्थापित गनुभयो । Rev Moon ले Dr. Hyun Jin Moon माथी गर्नु भएको विश्वासको सकारात्मक प्रभाव र रङ्ग सन् २००१ मा Dr. Moon ले गर्नुभएको घोषणामा प्रमाणिक रुपमा देखा पऱ्यो । Unification Movement मा रहेका ४० वर्ष मुनिका सम्पुर्ण लिडरहरुलाई Dr. Hyun Jin Moon को नेतृत्वअर्न्तगत ल्याईएको थियो ।[6] पछि नेतृत्व तहका सबैलाई व्यावहारिक रुपमै अटाउन त्यो उमेरलाई ४८ बनाइएको थियो ।[7] पिता पुत्र सहकार्यको सिद्धान्तलाई अवलम्वन गर्दै Rev Moon ले यो कुरा स्पष्ट पार्नुभयो कि तमाम लिडरहरुले भएभरका यावत विषयहरु Dr. Moon लाई नै रिर्पोट गर्नुपर्ने र केवल उहाँमार्फत मात्रै Rev Moon समक्ष ती कुराहरु पुगुन् ।[8]

Rev Moon ले Dr. Hyun Jin Moon लाई पूर्ण रुपेण विश्वास गर्दै HSA-UWC को युग देखी FFWPU को बेलासम्मको संक्रमणको सम्पूण रेखदेख Dr. Moon ले नै गर्ने जिम्मा दिनुभयो । त्यो एउटा गहनत्म विधिविधानगत छलाङ थियो र फगत एक सांगठनीक परिवर्तन मात्र थिएन भन्ने थाहा पाएरर नै Dr. Hyun Jin Moon ले Unification Movement को संस्कारमा रुपान्तरण र लिडरहरु एंव मेम्बरहरुको उन्नतिका लागि शैक्षेणिक कार्यक्रमहरुको शुभारम्भ गर्नुभयो । उहाँले तत्कालै आफ्ना पूज्य पिताको आदेश अनुपालन गर्दै व्यापक सुधारका कार्यक्रमहको थालनी गर्नुभयो । यस क्रममा उहाँले सांगठनिक साधनहरुको स्वरुपमा परिवर्तन गर्नुभयो । मेम्बर सशक्तिकरण र Unification Movement को तिब्रतम विकासको आयामको सुरुवत गर्नुभयो ।

जसै FFWPU को रुपान्तरण अघि बढ्दै गयो Rev Moon ले पनि संगसंगै आफ्ना शान्ति प्रयाशहरुलाई पनि अघि बढाउदै जानुभयो । र, यसकार्यको थालनि सन् १९९९ मा विश्व शान्तिका लागि अन्तरधार्मिक अन्तराष्ट्रिय महासंघ (IIFWP) को शुभारम्भ मार्फत गर्नुभयो । सन् २००४ मा HSA-UWC स्थापनाको ५० औं वर्षको अवसररका आयोजित समारोहलाई संवोधन गर्दै उहाँले Unification Movement लाई अघि बढाउनुको लागि चाल्नुभएको विधिविधानको मार्गको बारेमा प्रष्ट पार्दै भन्नुभएको थियोः

> Unification Movement एउटा औपचारिक संगठनको रुपमा सुरुवात भएको ५० वर्ष पुरा भइसकेको छ । पहिलो चरणमा यो धार्मिक गतिविधिमा केन्द्रीत रह्यो जसले व्यक्तिगत मुक्तिकोबारे व्याख्या गर्थ्यो । त्यसपछिको चरण स्वर्गको आधारभूत इकाइको रुपमा रहेको साँचो परिवारहरुको पत्ता लगाउनु र त्यसको स्थापना गर्नमा केन्द्रीत रह्यो । यस अभियान जातिको पुनर्स्थापन गर्दै र स्थानिय समुदायमा प्रभाव बढाउँदै स्वर्ग र घर्तीका सम्पूर्ण मानिसले शुभार्शीवाद नपाए सम्म निरन्तर रुपमा कार्यरत रहनेछ । यस अभियानको तेस्रो चरण शान्तिपूर्ण आदर्श संसार बनाउने कार्य बास्तवमा भन्ने हो भने सुरु भैसकेको छ ।[9]

विधिविधानको यो मोडमा आइपुग्नको लागि Rev Moon ले आफ्नो जीवन भरि नै ठूलो दुःख गर्नुभयो । र, चमत्कारिक उन्नतीको यो समयभरी Rev Moon ले पिता पुत्रको सहकार्यमा भर पर्नुभयो । त्यसै अनुसार नै Dr. Hyun Jin Moon लाई FFWPU का साथै सन् २००५ मा स्थापना भएको उहाँको ध्वजाबाहक संस्था Universal Peace Federation (UPF) लगायतका विधिविधानगत संगठनहरुको सम्पूर्ण जिम्मेवी दिइएको थियो । उहाँलाई दिएको अख्तियार अनुसार नै Dr. Hyun Jin Moon ले FFWPU का स्रोतहरुलाई कुशलता पूर्वक राम्रोसंग परिचालन गर्नुभयो । र UPF एवंम् यसका शान्ति दूतहरुलाई यसको विश्वव्यापी शान्तिको सञ्जालमा तिव्रतम् गतिमा विस्तार गर्नुभयो । उहाँले यो विश्वव्यापी सञ्जाललाई “One Family under God” अर्थात वशुधैवः कुटुम्बकमको रुपान्तरणकारी दृष्टिकोणको स्वामित्व लिनका लागि अभिप्रेरित गर्नुभयो ।[10]

सन् २००८ मा मात्रै विश्वभरीका करिब ३० राष्ट्रमा आयोजित विशाल peace festivals मार्फत Dr. Hyun Jin Moon ले यो सशक्त सन्देश प्रवाह गर्नुभएको थियो । यसले Unification Movement को इतिहासमै अभुतपूर्व प्रभाव पारेको थियो ।[11]

एडामिक प्राधिकारबाट विस्तृत भई Dr. Hyun Jin Moon ले Unification Movement का FFWPU, UPF र अरु सबै संघ संस्थाहरुलाई दश वर्षभन्दा बढी अवधि सम्म मार्गदर्शन गर्नुभएको थियो । यी संघसंस्थाहरु Rev Moon ले स्थापना गर्नुभएको हो तर यिनीहको विधिविधानगत उद्देश्यहरु महसुस गराउने मार्गदर्शन चाहि Dr. Hyun Jin Moon ले गर्नुभएको थियो ।

सन १९९८ देखी २००८ सम्मको अवधि Unification Movement को लागि अभुपूर्व वृद्धि उल्लेख्य विकासको अवधिको रुपमा रह्यो । Dr. Hyun Jin Moon ले रुपान्तरणलाई FFWPU केन्द्रीत Unification Movement तर्फ र UPF केन्द्रीत विश्वव्यापी शान्ति प्रयासहरुको विकासलाई नेतृत्व प्रदान गर्नुभयाो । सन् २००८ को अन्त्यसम्ममा Unification Movement मा आएको तिलस्मी प्रगतीाट यसका विश्वभरिका सदस्यहरुमा आशा र उत्साहको सञ्चार भएको थियो । तथापि पर्दा पछाडि कतै अध्यारो कोठामा Dr. Hyun Jin Preston Moon लाई बदनाम र गलत देखाउन वर्षैदेखि भइरहेका प्रयासहको बारेमा Unification Movement का अधिकांश सदस्यहरु बेखबर थिए ।

## Rev Moon को उत्तराधिकारि विरुद्ध विरोधीहरुको उदय

HSA-UWC बाट ठुला ठुला परिवर्तनसहित FFWPU मा भएको रुपान्तरणका कारण Unification Church को संरचनामा जकडिएका लिडरहरुले खतरा महसुस गरे जुन आश्चर्यको विषय थिएन । आफुले प्रयोग गर्दै आएको अधिकार र खाइपाइ आएका अतिरिक्त सुविधाहरु गुम्ने डरबाट ग्रसित कर्मकाण्डीहरुले अभियानको विकेन्द्रिकरण र सुधारहरुलाई कमजोर, प्रभावहिन बनाउने काम गरे । उनीहले Rev Moon को प्रतिनिधित्व आफुले गर्ने भएकोले उनीहरुको कुरा सदस्यहरुले मान्नु पर्ने दाबी गर्दै सदस्यहरुमा नियन्त्रण कायम गर्नका लागि गलत परम्पराहरुको प्रवर्द्धन गरे । त्यस्तो सिद्धान्तहिन नेतृत्व FFWPU युगको चाहना र भावनाको घोर अनुमान हो ।

आफ्नो व्यक्तिगत जिम्मेवारी पुरा गर्न र ईश्वरीय विधिविधानका लागि योगदान गर्ने आशिषित परिवारको नैसर्गिक मूल्यमा केन्द्रीत रहने चाह र भावना बोकेको संगठन FFWPU का लागि सिद्धान्तहिन नेतृत्व बडो अपमानको कुरा हो ।

ती कर्मकाण्डीहरुका तीनवटा मूलभूत समस्याहरु थिए ती सबै Rev Moon द्धारा स्वीकृत गएिका Dr. Hyun Jin Moon का आध्यात्मिक प्राधिकारसंग सम्बन्धित थिए । पहलिो थियो, प्राधिकारको मुद्दा जसलाई उनीहरु न नियन्त्रण नत प्रभावित नै गर्नसक्थे । किनभने इश्वर र Rev Moon को दृष्टिमा यो त सन् १९९८ मा नै व्यवस्थापन गरिसकिएको थियो । दोस्रो थियो Unification Movement को विश्वव्यापी नेतृत्वमा सुधार ल्याउनका लागि आफ्ना पिताको आकाक्षालाई कार्यन्वयन गर्न Dr. Hyun Jin Moon को तन्मयता । र कर्मकाण्डीहरुको तेस्र्ाो समस्या थियो Dr. Hyun Jin Moon ले प्रदर्शन गर्नुभएको विशाल शक्ति, आशा र दृष्टिकोणमा विश्वभरिका सदस्यहरुले अत्यन्त उत्साहजनक समर्थन जनाएका थिए । उहाँले सन् २००८ सम्ममा प्राप्त गर्नुभएका अभुतपूर्व सफलताले कर्मकाण्डीहरु भयग्रस्त थिए । व्यक्तिगत जिम्मेवारीको पूर्णता र वैश्विक परिवारलाई आत्मसाथ गर्न केन्द्रित रहने सिद्धान्त निष्ठ र

स्वतन्त्रता मार्फत Dr. Hyun Jin Moon ले Unification Movement को संस्कारमा रुपान्तरण ल्याउँदै हुनुहुन्थयो । त्यसको परिणाम स्वरुप Unification Movement ले विशवव्यापी रुपमा विषेशगी युवा सदस्यहरुको सम्पूर्ण नयाँ पुस्तामा उर्लदो शक्ति, आशावादिता र गौरवको अनुभुति गरेको थियो । तर दुःखद पक्ष के रह्यो भने कर्मकाण्डीहरुले Dr. Hyun Jin Moon ले नेतृत्व गरिरहनुभएको सुधार र रुपान्तरणलाई कमजोर बनाउने तानाबाना बुन्न थाले । यसमा उनीहले आफु उभिएको आध्यात्मिक आधारलाई बल पुग्ने गरी तोडमोड गरे । ती कर्मकाण्डीहरुले ४० वर्षभन्दा बढी समय लगाएर निर्माण गरेको चर्च झै संरचनाको कारण धेरैजसो सदस्यहरुले तीनै कर्मकाण्डीहको बोलीमा विश्वास गरे । र, उनीहरुलाई तिनै कर्मकाण्डीहरुको निर्देशनहरु नै सच्चा पितामाता को निर्देशन भनेर त्यसैलाई मान्नैपर्ने बनाइयो ।[12] मुख्य नेतृत्वले दिएको आदेशको अन्ध पालनालाई जोड दिने सँस्कार मार्फत सोपानयुक्त संरचनालाई थप बलियो बनाइयो । कोरियन भाषार नबुझ्ने विश्वभरी रहेका सदस्यहरु Rev Moon का निर्देशनहरुको अनुवादकले जे भन्थ्ये त्यही सत्य मान्नुपर्ने, र तिनकै भर पर्नु पर्ने अनि लिडरहरुले आफुले छनोट गरेर दिने आदेशात्मक जानकारीमा भर पर्नु पर्‍थ्यो ।

सम्पूर्ण लिडर र सदस्यहरुले चौथो एड्यामको महत्वलाई अन्य सदस्यहरुमा राम्ररी प्रवाह गर्नुपर्ने र Dr. Hyun Jin Moon सँग एकाकार भइ उहाालाई समर्थन गर्नुपर्छ भन्ने Rev Moon को निर्देशनलाई पालना गर्नुपर्नेमा त्यासो नगरी उनीहरुले चौथो एडयामको प्राधिकार सामुहिक रुपमा आफुहरुमा निहित रहको अभिमानपुर्ण दावी गरे । ऐतिहासिक अभिलेखहरुमा पनि प्रष्टसंग के देखिन्छ भने यी कर्मकाण्डीहरुले आफ्नो सिद्धान्तहिन गतिविधिहरु बढाउदै Dr. Hyun Jin Moon को नेतृत्वलाई कमजोर बनाउने प्रयासहरु जारी राखे ।[13]

अझ थप कुरा त के भने राम्रो आचार विचार भएका तर सोझा खालका सदस्यहरुलाई नयाँ युगको महत्वका बारेमा गलत मनसायले गुम्राहामा राखियो । त्यस्तो खुरापाति षडयन्त्रकारी विपक्षीका वावजूद Dr. Hyun Jin Moon ले यस Unification Movement लाई विधिविधानको लक्ष्यहतर्फ सानदार ढंगले अघि बढाउन काम गर्नुभएको थियो । दुःखान्त कुरा के भने अभियानको गतिलाई केही षडयन्त्रकारीहरुले आफ्नो अभिष्टमा बढ्दै गरेको खतराको रुपमा हेरे । पुरानो संरचनामा जकडिएका कर्मकाण्डीहले आफुमा रहेको शक्ति र अन्य सुविधाको दुरुपयोग गरेर यथास्थिति कायम गर्न चाहहन्थे । तर उनीहरुसंग Dr. Moon को सुधारहरुलाई रोक्नका लागि चाहिने जति पर्याप्त शक्ति थिएन । सन् २००५ आउदासम्म Dr. Hyun Jin Moon लाई कमजोर बनाउन चाहने कर्मकाण्डहको समूहले Unification Movement हाक्ने महत्वकाँक्षा पालेका Rev Moon कै परिवारका सदस्यहरुको आड, भरोसा लिन भ्याए । नयाँ तहबाट Dr. Hyun Jin Moon लाई हरतरहले आक्रमण गर्नका लागि उनीहरु मिलरे एउटा गोप्य षडयन्त्रकारीसमूह बनाए । अझ विष्मयकारी यर्थाथ त के रहयो भने Dr. Hyun Jin Moon लाई Unification Movement को नेतृत्वबाट च्यूत गराउने ती सम्पूर्ण प्रयासहरुको मूखय हर्ताकर्ता उहाँको आफ्नो आमा हाक जा हान, आफ्नो भाइ बहिनीहरु Hyung Jin Sean, Kook Jin Justin र In Jin Tatiana हुनुहुदो रहेछ । अधिकांश सदस्यहरुले हाक जा हान आफ्नो स्वर्गवासी पति Rev Moon प्रति पूर्णतः एकाकार हुनु हुन्छ भनी विश्वास गरे तर यर्थाथमा त उहाँमा रहेको मतभेद नै Unification Movement को विच्छेदनको आधार र निरन्तरताको मुल कारक थियो ।

सदस्यहरुका लागि हाक जा हान सदैव ममतामयी रुपमा प्रस्तुत हुनुभयो । Rev Moon संगको पूर्ण एकता नै उहाँले निर्वाह गर्ने विधिविधानको भुमिका थियो भन्ने कुरा ती सदस्यहरुले राम्ररी बुझेका थिए ।

साँचो परिवारको आदर्श स्थापना गरेर सच्चा पितामाता र साँचो परिवार एउटा मानक तयार गर्नु नै Rev Moon को मूल लक्ष्य थियो । साँचो परिवारले त यसका प्रत्येक सदस्यबाट आ आफ्नो भागको जिम्मेवारी पूरा गाउँदै ईश्वरीय मानक र क्रमको स्थापना गर्नुपर्छ । विशेषत: पाविारिक परम्परा र पुस्तातरणलाई सहजपूर्वक आत्मसाथ गराउनमा प्रत्येक परिवारका आमा र पत्नीको मुख्य भुमिका रहेको हुन्छ । Rev Moon ले यो कुरा स्पष्ट पार्नुभएको थियो । उहाँको उत्तराधिकारी र सम्पूर्ण छोरा छोरी पहिले साँचो पितासंग र त्यसपछि उहाँले घोषणा गरेको उत्तराधिकारी चौथो अड्यामसंग एकाकार गराउनु नै साँचो आमाको प्रथम जिम्मेवारी थियो । तर दु:खद कुरा के रह्यो भने श्रीमति हाकजा हानले आफुले गर्नुपर्ने जिम्मेवारी त पुरा गर्नुभएन नै उल्टै आफ्ना छोरा Dr. Hyun Jin Moon को विरुद्धमा सकृयतापूर्वक संलग्न हुनुभयो ।

श्रीमती हाक जा हान उहाँका तीन सन्तानहरुको प्रवृत्ति समयक्रमसँगै उदाङ्गो हुँदै गयो । श्रीमति हान गलत आध्यात्मिक माध्यमबाट परिचालित हुनुहुन्थयो । त्यसैले उहाँले स्वयंलाई Rev Moon भन्दा उपल्लो र वास्तविक मसिहा दावी गर्न थाल्नुभयो । Rev Moon को उत्ताधिकारी योजनालाई सर्मथन नगरेर उहाँ यसको आध्यात्मिक व्यवस्था नै पतन गर्न तिर सकृय हुन थाल्नुभयो । उहाँको दृष्टिकोण जे सुकै भएपनि पिता पुत्रको सम्बन्धको परम्परा र Unification Movement को शिक्षण अनुरुप न त उहाँले तेस्रो एड्यामको रुपमा रहनुभएका Rev Moon लाई स्थानापन्न गर्ने हैसियत राख्नुहुन्थ्यो नत Rev Moon ले नियुक्त गर्नुभएका उहाँका उत्ताधिकारीलाई नै वैधानिक ढंगले हटाउन सक्नुहुन्थ्यो । त्यसकारण साँचो उत्ताधिकारीलाई अवैध घोषणा गर्नका लागि उहाँलाई एउटा बुख्याचा को आवश्यकता थियो जसले अभियानका सदस्यहरुको नजमा Dr. Hyun Jin Moon को ठाँउ लिन सकोस् । त्यसको लागि उहाँले अत्यन्तै महत्वाकांक्षी उहाँसंगे षडयन्त्रमा सामेल सबैभन्दा कान्छो छोरो Sean लाई उपयुक्त देख्नुभयो । उनलाई नियन्त्रण गर्न सक्छु भन्ने गलत सोचाइबाट उहाँले Sean लाई उनको जेठो दाजु Hyun Jin Moon लाई हटाउनका लागि उनि नै उत्तराधिकारी रहेको भन्ने गतल टेको दिए अड्याउनुभयो । जबकी उहाँले नै नेपथ्यबाट Unification Movement का सम्पूर्ण चीजबीज र संयन्त्रको नियन्त्रण गर्नुहुन्थ्यो ।

९२ वर्षको उमेरमा Rev Moon स्वर्गारोहण भए पछि, उहाँले आफू ईश्वरकी एक मात्र छोरी अर्थात् Only Begotten Daughter भएको सार्वजनिक रुपमा घोषणा गर्नुभयो ।[14] र Unification Movement का महत्वपूर्ण पक्षहरुका प्रमुखको जिम्मेवारी पनि लिनुभयो । उहाँले आफूलाई दैवीय शक्ति भएको देखाउन खोज्नुभयो । उहाँले आफू ईश्वरको पत्नी भएको दावी पहिल्यै गरिसक्नु भएको थियो ।[15] [16] उहाँको आफू ईश्वरको एकमात्र छोरी भएको दावी अलौकिक सिद्धान्त, Rev Moon प्रदत्त सैद्धान्तिक आधारहरु र बाइबलको परम्पराको ठीक उल्टो छ । ती पवित्र ग्रन्थहरु र परम्परा अनुसार मसिह त जहिल्यै पनि एक पुरुष र अड्यामिक पात्र हुनुहुन्छ । ईश्वरको एक मात्र छोरीको कुनै अवधारण नै छैन । उहाँ आफूले आफैलाई ईश्वरको पत्नी घोषणा गर्नु असैद्धान्तिक मात्र नभइ घोर बेइज्जती पनि हो । Rev Moon ले अलौकिक सिद्धान्तको हवाला दिंदै के कुरामा अडिग रहनुभयो भने कोहि पनि मानिस, मसिह नै किन नहोस् ऊ किमार्थ ईश्वर हुन सक्दैन । श्रीमती हानको हर्कतहरुले पनि हामीलाई यो कुरा बुझ्न सघाउँछ कि सन २०१२ मा आफ्नो मृत्युको केहि दिन पहिले कोरियामा भएको Women Federation for World Peace को दशौं हजार भन्दा बढी मानिस सहभागी भएको एक कार्यक्रमा Rev Moon ले किन "मेरो कोहि पनि पत्नी छैन । हानले आफ्नो मनखुशी गर्दै हुनुहुन्छ" भन्नु भएको भनेर ।[17]

Sean र उनका अन्य भाइबहिनीले गरेका प्रत्येक कृत्य फगत महत्वाकांक्षा र लोभ बाट प्रेरित थिए। उनीहरुको ईष्या उत्पतिको कथामा वर्णन गरिएको जैसैफ र उसका भाइहरुको भैँ थियो। यसले उनीहरुलाई आफ्नो जेठो दाजुलाई Rev Moon को उत्तराधिकारीको रुपमा स्वीकार्य गर्नबाट रोक्यो अथवा भनौं, उनीहरुलाई विधिविधान गत कार्य गर्नमा आफुले गर्नुपर्ने सहयोगीको भुमिकाबाट रोके। उनीहले आफुलाई साँचो परिवाको बपौतीमा पाएको सदस्य भन्ने बुझे जबकी उनीहमा आफुले गर्नुपर्ने विधिविधानको जिम्मेवारीहर बुझ्न सक्ने आध्यात्मिक परिपक्वताको सर्वथा अभाव थियो। मुन परिवारको सदस्य भएकाले Unification Movement को श्रीसम्पत्तिमा उनीहको आलिमुहाली अंशियारी रहन्छ भने उनीहले विश्वास गरे। उनीहरु संग लागेर Sean ले जालसाझी पूर्वक आफुलाई Rev Moon को उत्तराधिकारीको रुपमा प्रस्तुत गरे। तर स्वामी मुनको स्वर्गारोहणको केही समय लगत्तै जब श्रीमती हानले उनीहरुलाई छुट्यादिनुभयो अनि बल्ला उनीहले बुझे कि सोचे भैँ सजिलो हुँदो रहेनछ ।[18]

साँचो परिवारलाई खासगरी चौथो अड्यामलाई जसरी पनि कमजोर बनाउँदै लैजाने एक उद्देश्य कर्ताधर्ता गिरोहको थियो र त्यो अहिले पनि छदैछ। उनीहरुमा वास्तविक आध्यात्मिक प्राधिकार छैन भन्ने कुरालाई उनीहरुले भुलवश स्विकारेका कुरा पटक पटक देखाउदै आएका छन्। उनीहरुको दृष्टिकोण जिसस पछिको रोलक्रममा पोप र विभिन्न पादरीह रहने क्यायोलिक ढाँचामा आधारित छ।[19] वास्तवमा त्यो ढाँचा त Rev Moon ले Unification Movement लाई अगाडि बढाउनका लागि चाहनुभएको स्वरुपसँग कहि कतै पनि मेल खादैन। उहाँले निरन्तर रुपमा वंश परम्परालाई जोडदिनुभएको थियो।

उनीहरुले Dr. Moon लाई अलग्याउन खोजेको कारण बुझ्न सजिलो छ: अभियान भित्रको प्रमुख जति सबै क्षेत्रमा कानुनी नियन्त्रण कायम गर्ने र त्यसलाई प्रयोग गरेर Dr. Moon का विरुद्ध कानुनी र अन्य विभिन्न खालका आक्रमणहरु शुरु गर्ने। अभियान अन्तर्गतका महत्वपुर्ण संगठनहरुमा नियन्त्रण कायम गर्नका लागि उक्त गिरोहले Rev Moon को ढल्दो उमेरबाट गलत फाइदा उठाउन थाले। उहाँको जीवनका अन्तिम दिनहरुमा स्वामी मुनको विग्रदो स्वास्थ्यको कारण देखाउँदै दक्षिण कोरियाको चोडपियोडमा अवस्थित Unification Movement को मेगा प्यालेस परिसर (शान्ति दरबार परिसर) मा उहाँलाई बन्दी भैँ बनाइएको थियो। त्यहाँ उक्त गिरोहले श्रीमति हान प्रति वफदार कर्मचारी र सरक्षा अधिकारीहरुलाई प्रयोग गरेर Rev Moon सम्म पहुँच भएका मानिसहरुलाइ पूर्णरुपमा नियन्त्रण गरियो।

स्वामी मुनले प्रारम्भ गर्नुभएको नित्य प्रातः कालिन प्रार्थना सभामा Unification Movement का सदस्यहलाई रहेको सदाकाल देखि रहेको खुला प्रवेशमा समेत सो गिरोहले रोक लगायो। त्यहाँ आयोजना हुने प्रवचन लगायत औपचारिक कार्यक्रमहरुको साधै नै भिडियो खिचेर राख्ने गरिन्थ्यो र त्यसमा सबै सदस्यहरुको सहज पहुँच हुने गर्थ्यो। तर कुनै पूर्व सुचना र जानकारी बिना नै त्यसलाई रोकियो। त्यसका बाबजूद Rev Moon का प्रवचनहरुमा सहभागि हुने गरेका अधिकांश कोरियाली मेम्बरहरुले त्यस्तो एकाएक गरिएका सेन्सरसिपहरुको पछाडि लुकेको दुष्ट मनोभावलाई राम्रोसँग बुझेका थिए। पछिल्ला वर्षहरुमा आफुले भनेका र दिएका निर्देशनहरु अटेर गरेको र आफ्नो अलग्गै धार बनाएको भन्दै Rev Moon ले उक्त गिरोह र श्रीमति हानलाई हप्काउँदै कडा आलोचना

गर्नुभएको थियो । Rev Moon त्यो विषयमा निरन्तर उदिग्न रहन थाल्नु भएको र आफ्नो रोषलाई कडा स्वरमा व्यक्त गर्दै जानुभएको कुरो कोरियाली सदस्यहरुका बीचमा व्यापक गन्थनमन्थन हुन थाल्यो । गन्थनमन्थन, चर्चा परिचर्चा बढ्दै गएको भए Dr. Moon विरुद्धको उनीहरुको षडयन्त्रले आकार लिन नपाउने आशंकाका कारण ती सदस्यहरु त्यहासम्म आउन नपाउने भन्ने उद्देश्यले उक्त गिरोहले नित्य हुन दोक हे (प्रार्थना सभा) को समपूण प्रसारणमा नै रोक लगाइदिए । त्यसपछि श्रीमति हानले Rev Moon द्धारा पहिले नै दिइसकिएका प्रवचनहरुको लिखित प्रतिहरु पढ्ने र पहिले नै वितरण गरिएका हुन दोक हे का टिप्पणीहरु पढेर सुनाउने गर्न थाल्नुभयो । Dr. Moon का बारेमा कुनै पनि सकारात्मक टिप्पणीहरु नआइपुगुन र स्वयं उहाँ एवं त्यो गिरोह बारेका कुनैपनि नकारात्मक टिप्पणी नआउन भनेर नै त्यसो गरिएका थियो ।[20]

उनीहरु कहिलेकाही Rev Moon द्धारा प्राप्त कतिपय विचार माथि अनावश्यक टिका टिप्पणी गरेर बस्थे, तर उहाँका सामु साखुल्ले भएर गलत रिपोटिङ गर्थे । आफुले गरेका गलत कामहरुबारे भन्दैनथे लुकाउथे । यी दुवै खाले कामहरु Rev Moon को भावनाका विरुद्धमा थिए । वर्षौदेखि Rev Moon ले आउने समयको बारेमा बताइरहनु भएको थियो कि बढ्दो उमेरको कारण उहाँ पनि अरुहरु जस्तै केटाकेटी सरहको व्यवहार गर्नथाल्नु हुनेछ । Rev Moon ले आफू ७८ वर्षको हुँदाखेरी नै आफ्नो आधिकाकि उत्तराधिकारी Dr. Moon लाई Unification Movement संग सम्बद्ध सम्पूर्ण अख्तियारी हस्तान्तरण गरेर अभियानका सम्बन्धमा आफ्नो सदिक्षालाई प्रष्ट पारिरसक्नुभएको थियो ।

सन् २००५ देखि २०१२ सम्म Dr. Moon लाई ध्ववस्त गर्न तपशील अनुसारका प्रयासहरु भएका थिए: १) डा. ह्युन जिन मुन र उहाँ प्रति बफादरहरुबाट स्वामी मुनलाई अलग पारिएको थियो । उहाँहरुले स्वामी मुनलाई एक्लैमा भेट्न समेत पाउँनुहुन्थेन भेट्न दिदैनथ्यो । २) युनिफिकेशन मुभमेन्टका प्रमुख संघसंस्थाहरु माथि कानुनी रुपमा आधिपत्य जमाउनका लागि षडयन्त्रको तानाबाना बुनियो । ३) डा. ह्युन जिन मुनको विश्वव्यापी रुपमै चरित्र हत्या गर्ने अभियान संञ्चालन गरेर आफ्नो अवैधानिक शासनको निम्ति विश्वभरिबाट समर्थन खोजेको ।[21] ४) अन्तत Dr. Moon र उहाँका समर्थकहरु विरुद्ध मुद्धा मामिला गर्न शुरु गरे । Rev Moon र Dr. Moon का सैद्धान्तीक र दैविय नेतृत्वबाट विमुख भएको यस्तो घटना Unification Movement मा यस अघि कहिल्यै भएको थिएन ।

Rev Moon को जीवनको अन्तिम अवस्था तिर यस्ता निच षडयन्त्रहरुलाई योजनावद्ध रुपमा संयोजन र कार्यान्वयन गरिएको थियो । Dr. Moon लाई उपचारार्थ अस्पतालमा भर्ना हुनुभएका आफ्ना पितासंग भेट्न समेत दिइएन । त्यतिमात्र हाइन सन् २०१२ मा स्वामी मुनको स्वर्गारोहण भएपछि Dr. Moon लाई आफ्नो पिताको अन्तिम संस्कारमा सहभागी हुन समेत दिइएन ।[22] [23] [24] उनीहरुले Dr. Moon का विरुद्ध यतिसम्म घोर अपमानजनक काम गरे कि डा. मुन र उहाँको परिवारका सदस्यहरुलाई Rev Moon को विस्तारित परिवारको सदस्यको नाम सुचि बाट समेत हटाइयो ।[25] ईश्वरको नजरमा अपराध ठहरिने र Rev Moon Dr. Moon एवं सम्पुर्ण Unification Movement लाई धोखा दिने गरी आजसम्म पनि Dr. Moon माथि आक्रमणहरु भइनै रहेका छन् ।

## उच्छिट्टीएको समुहले **Unification Movement** का प्रमुख संस्थाहरु अपहरण गरेर लिए

भ्रष्ट नेतृत्ववर्गहरुको समुह, तिन सहोदरहरु र श्रीमती हानको मिलेमतोमा नाटकिय रुपमा अभियानका मुख्य मुख्य संस्थाहरुमा, सहोदर भाइ वहिनीहरुलाई नै विभिन्न नेतृत्वहरु दिइयो । किनकी, साधारण सदस्यहरुको नजरमा ती सबै Rev Moon का सन्ततिहरु थिए र तीनीहरुले अभियानका कुनै पनि संस्थाको नेतृत्व गर्नका लागी आत्मिक अख्तियारी प्राप्त गरेका थिए । यसरी विस्तारै विस्तारै यो समुहले अभियानका सम्पुर्ण संस्था र सम्पत्ति माथि कानुनी रुपमा पनि आफ्नो अधिकार जमाउँदै गए ।

Rev Moon ले जहिले पनि Dr. Hyun Jin Preston Moon लाई नै आफ्नो आत्मा देखि नै विधिविधानको संस्थाहरुको उत्तराधिकारीको रुपमा देख्न चाहनु भएको थिए । यो समुहको कर्तुतबाट अनभिज्ञ रहेका Rev Moon ले पनि अन्जान मै पदवहाली गर्दै जानुभयो । यी सबै हुनुको पछाडिको मुख्य हात श्रीमती हान कै छ जसले उहाँलाई यदि अरु भाइबहिनीहरुलाई पनि भनेको जस्तो पद हामीले दिएनौं भने उनीहरु परिवार नै त्यागेर जान सक्छन् भन्ने सम्मको धम्की पनि दिनुभयो ।[26] Rev Moon ले आफ्नो परिवार भित्र नै शान्ति बनाइराख्नका लागि उनीहरुको कुरा मान्दै जानुभयो र त्यति नै बेला उँहाले यो पनि आशा राख्नुभएको थियो कि ती सबैलाई समेटेर Dr. Moon ले अख्तियारीका साथ अघि बढ्नुहुनेछ ।

सवैभन्दा पहिले Justin Moon लाई व्यवसायीक क्षेत्रको अनि Korean Tongil Foundation र HSA-UWC Japan (UC Japan) को पनि नेतृत्व दिइयो । उहाँको व्यवसाय चलाउन सक्ने खुबिको पनि सदस्यहरुको अगाडि बढाई चढाई गरेर प्रस्तुत गरियो ।[27] फलस्वरुप, उसले त्यो पदमा बसेर त्यो समुहले चाहे जसरी पैसा चलाउने र हिसाब किताब राख्न सक्नुहोस् ।

त्यस पछि Sean Moon जो एक स्थानिय चर्चको पास्टर थिए उनलाई पनि एकाएक कोरियाको चर्चको राष्ट्रिय नेतृत्ववर्गको रुपमा बढुवा गरियो । पहिलो पटकमा नै उहाँलाई एउटा पादरीको रुपमा अतुलनिय सफलता मिल्यो । उहाँले नेतृत्व गरिरहेको चर्चको अविश्वसनिय तरिकाले प्रगति भएको र माथि उठेको पाइयो । यसलाई नजिकबाट नियालेर हेर्दा यो थाहा भयो कि राष्ट्रिय मुख्य कार्यालयबाट वरपरका अरु चर्चहरु वन्द गर्न लगाएर त्यहाँको सदस्यहरुलाई टाढा रहेको Sean Moon को चर्चमा गएर त्यहाँको सदस्य बन्नको लागी वाध्य पारिएको रहेछ । त्यहाँको स्थानिय सदस्यहरुलाई मात्र यसको वास्तविकता थाहा छ । आज सम्म पनि प्राय जसो अन्तराष्ट्रिय सदस्यहरुले Sean Moon लाई एउटा महान धार्मिक नेताको रुपमा परिचय गराउन यस्तो चतुऱ्याईपूर्ण काम कसरी गरियो भनेर थाहा पाउन सकेका छैनन् । धेरै अगाडिबाट नै श्रीमती हानले Sean Moon लाई पहिला FFWPU को अन्तराष्ट्रिय अध्यक्ष अनि त्यसपछि UPF को अध्यक्ष को रुपमा नियुक्ति गर्ने योजना बनाईसक्नु भएको थियो ।

अब उहाँहरुले धेरै समयदेखि छुट्टिएर बसेकि एकदमै महत्वकाक्षी Tatiana Moon लाई उत्तर अमेरिकी अभियानको CEO बनाए । र उहाँले पनि अलिकति पनि ढिलो नगरि HSA-UWC FFWPU USA को Board of Directors को ठाउँमा आफ्नो नजिकको मान्छेहरु राख्नुभयो । पछि जब Dr. Moon ले आफ्नो बुबाको इच्छा अनुसार पुराना वोर्डका सदस्यहरुलाई पुर्नस्थापन गर्न खोज्नुभयो, उहाँ (Tatiana Moon) ले आफ्नो बुबालाई नै उहाँको विरुद्धमा गएर भाईले अर्थात Dr. Moon ले नै वोर्डका सदस्यहरु परिवर्तन गरेका हुन भनेर भ्रमित वनाइदिनुभो ।[28]

त्यो समुहले Sean, Justin र Tatiana ले ती महत्वपूर्ण पद पाए भने सबै मिलेर बलियो हुन्छन् अनि Dr. Moon लाई रोक्न सक्छन् , सदस्यहरुलाई सम्हाल्न सक्छन् र आबश्यक परेको खण्डमा आफुलाई

सजिलो हुने गरि आफ्नो हकमा आउने गरि नियमहरु बनाउन सक्छन् र कानुनी रुपमा पनि आईपर्ने आपत्तिबाट बच्न सक्छन् भन्ने कुरामा गलत विश्वास गरेर बसेका थिए । सन् २००९ मा Sean ले FFWPU को नाम Unification Church भनेर औपाचारिक रुपमै परिवर्तन गर्नुभयो र यो त्यही नाम हो जसलाई यस अभियानका विरोधिहरुले दिएका थिए ।[29] पहिले नै उल्लेख भए अनुसार नै Sean र उसको समुहले क्याथोलिक चर्चको जस्तो संरचना अवलम्बन गर्ने प्रयास गरिसकेका छन् जसअनुसार सम्पुर्ण शक्ति र नियन्त्रण गर्ने अधिकार उनीहरुले प्राप्त गर्नेछन । उहाँले यो पनि दावि गर्नुभएको छ कि Unificationism ले Unification Movement अर्थात एकिकरण अभियानको पूर्ण युगको प्रतिनिधित्व गर्दछ जसबाट उहाँले अभियानका शान्ति संस्थाहरुको उपहास गरेका छन् ।[30] यो कार्य सबै Rev Moon ले HSA-UWC को ५० औ वार्षिकोत्सवको वेलामा छर्लडग हुने गरी व्याख्या गर्नुभएको अब चर्चको युग सकियो र परिवार केन्द्रित युगको शुरुवात भएको छ जसले विश्व शान्ति निर्माणमा प्राकृतिक रुपमै अगाडि बढ्छ भन्ने कुराको सिधै विरुद्धमा गएको छ । Sean Moon ले अगाडि सारेको यो श्रेणीगत चर्चको जुन नमुना छ त्यसबाट के बुझिन्छ भने उहाँ विधिविधानको दिशा जुन छ त्यसबाट अनभिज्ञ हुनुहुन्छ र उहाँ आफैले नेतृत्व गरिरहेको संस्था (FFWPU) को प्रकृति र उद्देश्य दुवै उहाँले कहिल्यै पनि बुझ्नसक्नु भएन ।

यस अभियानका प्राय जसो सदस्यहरुले FFWPU अन्तराष्ट्रिय मुख्य कार्यालय र यसको World Mission Department को नाममा Sean Moon द्धारा बनाइएका र जारी गरिएका झुठा निर्देशनहरुलाई विना प्रश्न नै स्वीकारे त्यो समयमा श्रीमति हान र उहाँको समुहले निरन्तर रुपमा श्रेणिगत चर्चको जस्तो संरचना र पूर्ण आज्ञाकारिता पालन गर्नु नै सदस्यहरुको मुख्य जिम्मेवारी हो भन्ने कुरामा महत्व दिइरहनु भयो ।[31] श्रीमती हान र उहाँको समुह मिलेर निरन्तर सच्चा मातापिताको नाम प्रयोग गरेर विना हस्ताक्षरका सार्वजनिक घोषणहरु केन्द्रिय कार्यालयबाट जारि गरिराख्नु भयो ताकि उहाँहरुले आफुलाई मात्र सेवा गर्ने असत्य निर्देशन मान्न लगाउने अनि आफ्नै एजेण्डाहरु अघि सार्ने कामहरु गर्न सकुन । प्राय सदस्यहरुलाई यो लाग्यो कि ती निर्देशनहरु पलना गरेर उनीहरु स्वर्गीय इच्छासगँ एकाकार भएका छन तर वास्तवमा भन्ने हो भने उनीहरु श्रीमती हानका व्यक्तिगत एजेण्डा जुन Rev Moon को इच्छा भन्दा विपरित दिशामा दौडीरहेका थिए त्यसको शिकार भएका हुन । समय संगै उनीहरुले गलत विवरणहरु बनाएर राख्न थाले ताकि उनिहरुले त्यसलाई पछि गएर कानुनि आक्रमणको आधार बनाउन सकुन् ।

पादरीहरुको समुहले बनाएको त्रुटिपुर्ण सस्कारले सदस्यहरुलाई हेरफेर गर्नको लागी अनुकुलता प्रदान गर्‍यो फलस्वरुप उनीहरु बीच मत भिन्नतालाई अगाडि बढायो । पछि गएर कानुनी प्रकृयाहरुमा श्रीमती हानले न आफुले न Rev Moon ले Sean को निर्देशनलाई पास गर्‍यौ न Sean कहिले उत्ताराधिकारी थियो भनेर आफ्नो वचाउमा गवाही दिनुभयो ।[32] यद्यपि उहाँ आफुले Sean को नाटकिय रुपमा नियुक्ति गरेको ऐतिहासिक तथ्यबाट भाग्न सक्नुहुन्न जुन उहाँले यति फकाएर मिलाएर गर्नुभएको थियो कि Sean स्वंयंले पनि त्यस कुरामा विश्वास गर्न थालिसक्नु भएको थियो ।

Sean र Justin Moon को कार्यशैलिलाई आधर मान्ने हो भने उहाँहरु दुवैजना अवसरवादि, ढोंगी हुन् भन्ने कुरा छरर्लङ् छ जसले कुनै पनि काम सिद्धान्तमा आधारित रहेर गर्नुभएको छैन । Sean ले आफ्नी आमालाई उहाँको अलौकिकताका[33] वढावा दिदै ढोग्नुभयो भने पादरीहरुलाई यो अभियानमा चर्चको नमुना भित्रयाउन सहयोग गर्नुभयो ।[34] यी दुबै कार्यहरु असैद्धान्तिक र विधिविधानको अभियानको मार्ग भन्दा फरक र विवादित कार्यहरु थिए । पछि जब Sean लाई उहाँको नेतृत्वदायी भुमिकाबाट निष्कासित गरियो

उहाँले आफ्नो ईश्वर तान्त्रिक स्थानको विपरीत जानुभयो । उहाँले ती पादरीहरु र श्रीमती हानलाई दुष्ट भनेर निन्दा गर्नुभयो,[35] आफ्नो छुट्टै Sanctury Church (SC) स्थापना गर्नुभयो अनि आफ्नो छुट्टै स्वर्गीय संविधान बनाउनुभयो र आफुलाई दोस्रो राजाको रुपमा परिचित गराउनुभयो जबकि कहिले पनि पहिलो राजा घोषणा भएकै थिएन । कुनै पनि सैद्धान्तिक आधार नभएको SC प्रस्ट रुपमा एउटा निहित व्यक्तित्व पथ मात्र हो ।

त्यस्तै Justin ले पनि उल्लेख गरिए अनुसारको आफ्नो ईश्वरतान्त्रिक स्थानको विपरित जाने वित्तिकै उहाँलाई पनि उहाँकि आमाले उहाँको नेतृत्वदायी स्थानबाट हटाइदिनुभयो ।[36] त्यही जालसाजी Sanctuary Church को विधान अनुसार उहाँ र उहाँको वंशलाई SC को आर्थिक मामलामा नियन्त्रन गर्ने गरी दिने व्यवस्था मिलाइयो ।

सन् २००९ देखि २०१२ सम्मको समयावधि Unification Movement को लागी कालो अध्यारो कालखण्ड बन्यो, जतिखेर त्यो समुहले धर्मको नाममा जघन्य काम गरेर सबैलाई पिडित बनायो । उनीहरुले जब यो समायावधि Rev Moon को जिवनको अन्तिम तीन वर्ष हो भन्ने कुरा महसुस गरे त्यसपछि उग्र रुपमा उनीहरुले त्यस्ता अंहकारी कामहरु गर्न थाले । आफुले वैधानिक कानुनी रुपमा पद पाउने वित्तिकै Tatiana, Sean र Justin ले उहाँहरुको अधिनमा रहेका आफुहरुले चलाउने संस्थाहरु मार्फत विश्वव्यापि रुपमा नै Dr. Moon को चरित्र हत्याका अभियान आयोजना गर्नुभयो । उहाँहरुले Dr. Moon एक रिसाहा असन्तुष्ट छोरा हो आफ्नै बुबाले उपेक्षा गर्नु भएकाले, त्यही ईर्ष्याको कारणले उसले Unification Church को सम्पति चोऱ्यो र बुबाले शुरु गर्नुभएको अभियानलाई छोडेर गयो भन्ने जस्ता काल्पनिक कथाहरु बनाएर Dr. Moon को आलोचना गरे र वास्तवमा भन्नुपर्दा उहाँहरुले Dr. Moon लाई लाल्छना लगाउँदै आफु स्वंयमको वास्तविक मनसाय देखाएका थिए । Sean र Justin ले यस्तो आक्रमणको मञ्चन कोरिया, जापन अनि अरु देशहरुमा पनि गर्नुभयो । Tatiana ले संयुक्त राज्य अनि पछि दक्षिण अमेरिका भर र अन्यत्र गरेका धब्बा लगाउने उहाँको अभियानले उहाँलाई नै असर गर्नेछ । एउटा भनाई छ जसको श्रेय लेनिनलाई जान्छ A lie told often enough, becomes the truth यसले Dr. Moon विरुद्ध बारम्बार भनिएका झुटहरुको उचित रुपमा व्याख्या गर्दछ । यस्तो प्रचार अभियानहरु वर्षौ सम्म चलिरहे र यहि कपटपुर्ण कथाहरु नै पछि गएर धेरै मुद्दाको आधारको रुपमा प्रयोग गरियो ।

अझ त्यो भन्दा अपमानजनक कुरा त Sean र Justin शक्तिसालि पदमा रहँदा कम्युनिस्टहरुको जस्तो उपाय अपनाएर अभियानका पास्टर र युवा नेताहरुलाई भिडियोमा उहाँहरुको नयाँ शासन प्रति आफ्नो वफादारिताको प्रतिवद्धता गर्न लगाउनुहुन्थ्यो कोहि सदस्यले प्रतिवद्धता जनाउन इन्कार गऱ्यो भने पछि उनीहरुलाई निकालिन्थ्यो र शैतान अनि त्यो भन्दा पनि तल्लो स्तरको नामाकरण गरिन्थ्यो ।[37] त्यसपश्चात Unification Movement मै पहिलो पटक त्यो समुहले वहिष्कारको परिपाटीलाई भित्र्याए । विशेषगरि जो काही उनीहरुको शाशनतर्फका सँग मिल्थेनन र Dr. Moon माथी अनेक किसिमका आक्रमण गर्नको लागि साथ दिन्थेनन् ती सदस्यहरु वहिष्कृत हुन्थे ।[38] [39] [40] [41] यस किसिमको वहिस्कार गर्ने परिपाटि अभियानमा कहिले पनि थिएन किन भने यस सभियानले ब्रमाण्डिय मोक्षमा सैदान्तिक रुपमा विश्वास राख्दछ सबैभन्दा खराब पापिहरुलाई समेत अन्तत माफि पनि दिइन्छ र बचाइन्छ पनि अभियानकै पवित्र र सबैभन्दा मुल्यवान संस्कार मानिने पवित्र विवाह आशिष को पनि पहिलो पटक राजनितीक हतियाको रुपमा प्रयोग भयो । सदस्यहरुलाई यो सम्म पनि भनियो कि यदि उनीहरुले Dr. Moon द्वारा अगुवाई

गरिएको एउटा समारोहमा भाग मात्र लिए भने उनीहरु र उनीहरुको सन्तानहरुलाई समेत आशिष प्राप्त गर्ने अधिकारबाट वन्चित गरिने छ ।

सबै यस्तै अनि थुप्रै तरिकाहरु अपनाएर उहाँहरुले वृद्ध अवश्थाका Rev Moon लाई भावनात्मक कष्ट दिएर आफ्नो घोषणापत्र अनि पछि उहाँहरुको क्रुर एजेण्डाहरुमा हस्ताक्षर गर्न लगाउनुभयो । अहिले प्रख्यात भएको विहान ४ वजे खिचिएको शयनकक्षको भिडियो ले यो देखाएको छ कि त्यस्ता दृश्यहरुको पछाडि यस्ता घृणित कार्यहरु वारम्बर भइरहेका थिए ।[द्द] त्यस समुहले झन कमजोर हुँदै गइरहेका Rev Moon लाई कुराहरु वङग्याएर र बढाइचढाई गरेर विभिन्न भनाईहरु भन्न/प्रस्तुत गर्न लगाई रहे, जसलाई उनीहरुले Dr. Moon लाई अवैधानिक बनाउने र सार्वजनिक रुपैमा क्रुसमा टाँग्नको लागी प्रयोग गर्न सकुन । त्यो समुहले सम्पुर्ण पवित्र चिजहरुको उलङघन गरे धोका दिए विकृतिको सृजना गरे नयाँ पथं शुरुवात गरे र यी सबैले Rev Sun Myung Moon ले प्रतिपादन गर्नुभएको सिद्धान्त, मुल्यमान्यता र सिकाइको पूर्ण रुपमा विकृत गरेको छ । Rev Moon र Dr. Moon जसलाई विश्वभरिका सयौ हजार इमन्दार निष्कपट सदस्यहरुले साथ दिएका थिए उहाँहरुले ईश्वरीय आदर्श जन्मजात मौलिक अधिकार र व्यक्तिगत जिम्मेवारी हरुलाई लिएर अगाडि बढ्न सक्ने विधिविधानको अभियान खडा गर्नको लागी आफ्नो रगत पसिना र आँसु अर्पित गर्नुभएको छ । उहाँहरुले मानवजातीलाई नै सत्य सदाचारिता र लोकोपकारिताको श्रोतको रुपमा रहनु भएका सृष्टिकर्ता ईश्वर सँग जोडेर मुक्ति दिलाउने जस्तो महान् कार्यको लागी काम गर्नुभयो र आफ्नो जिवन नै समर्पित गर्नुभयो । अहिले यी सबै कुराहरु आक्रमण परेका छन् अभियानका मुख्य सँस्थाहरु अपहरण गरिएका छन् र Only Begotten Daughter को पथंमा परिवर्तित भएका छन् जुनले श्रीमती हानलाई नयाँ देवताको रुपमा पुज्छ ।[43]

## अदालत युद्ध मैदान भएको छ

Dr. Moon लाई सखाव पार्ने जुन अथक जोस उनीहरुमा छ फलस्वरुप तीनिहरुले अन्तिम प्रयास र खाडलको रुपमा मुद्दालाई प्रयोग गर्न शुरु गरे । Rev Moon र Dr. Moon को नेतृत्वकालमा आन्तरिक कलह समाधान गर्न धर्म निरपेक्ष अदालत र वकिलहरुको प्रयोग अकल्पनिय नै हुन्थ्यो । यद्यपि छुट्टीएका समुहको जरामा नै वैधता नभएकोले मुद्दालाई हतियारको रुपमा प्रयोग गर्ने कुरामा पनि नैतिक धरातल छैन । फलस्वरुप उनीहरुको शासनमा मुद्दा लड्ने कुरा सामान्य हुन आएको छ । Unification Movement ले यस्तो किसिमको निम्न स्तरको कार्य कसैको विरुद्धमा पनि देखेन अभियानको विरुद्धमा साँच्चिकै अपराध गर्नेहरुलाई पनि कहिले त्यस्तो गरिएन तर Rev Moon को आफ्नै छोरा र उत्तराधिकारीलाई भने तीनिहरुले त्यस्तो सम्म गरे । सन् २००९ देखि छुट्टीएका समुहले तिनवटा महादेशमा Dr. Moon र उहाँलाई साथ दिनेहरु विरुद्ध ३० वटा भन्दा बढि मुद्दा दायर गरे । यी सबै मुद्दाहरु मध्येबाट एउटा बाहेक अरु सबै मुद्दाहरु सबुत प्रमाण तथा वास्तवकिता नभएको कारणले रद्द गरियो अथवा Dr. Moon को पक्षमा फैसला भयो । कस्तो विडम्बना भने, संसार भर धार्मिक स्वतन्त्राको वकालत गरेर उदाहरण बनेको संयुक्त राज्य अमेरीकाको राजधानीमा त्यो वाकी रहेका "*Family Federation for World Peace and Unification et al vs Hyun Jin Moon et al*," मुद्दा चलिरहेकत्त छ । यस मुद्दाको एका पट्टी *The Washington Times* को मातृ संगठनको रुपमा रहेको board of directors ले सञ्चालन गर्ने नाफा नकमाउने धार्मिक संस्था UCI छ भने आरोपी संस्थाहरुमा Sean Moon को

FFWPU र UPF, Justin Moon को UC Japan, र थप दुई जना senior clerics Dong Moon Douglas Joo र Peter Kim रहेका छन् ।

Unification Movement का प्राय सदस्यहरुले UCI लाई यस अभियानको मुकुट रत्न हो भनेर गलत सोचेका थिए । वास्तविकतामा ती clerics हरुको सँस्थाहरुको फितलो व्यवस्थापनको कारणले UCI मा ठुलो आर्थिक समस्याहरु थिए । वास्तवमा Rev Moon ले ओरालो लाग्दै गरेर वन्द हुने जस्तै अवश्थामा पुगेको उक्त संस्थालाई Dr. Moon ले हेरुन् र त्यसलाई बचाउन् भनेर वर्षौ देखि भनिरहनु भएको थियो । अन्तत Dr. Moon को UCI वोर्डको अध्यक्ष पदमा नियुत्ती भयो र त्यस भन्दा अगाडि त्यस संस्थामा ३० वर्षको अवधिमा वरिष्ठ Clerics ढ्योय बो हि पाक र दोङ्ग मुन दोउग्लास जुका मातहतमा ३ विलियन अमेरिकन डलर बराबरको रकम हिनामिना भएको थियो । सन् २००६ मा जब Dr. Moon ले अनिश्चित भएरै भए पनि UCI को लगाम सम्हाल्नु भयो उहाँले त्यस्तो एउटा संस्थाको जिम्मेवारी लिनुभएको थियो जसमा वर्षेनि लगभग एक सय मिलियन अमेरिकन डलर बराबरको चुहावट भइरहेको थियो ।[44]

UCI एउटा अनुदानमा भर पर्ने संस्था थियो, छुट्टीएका समुहले डा.मुनलाई नै समस्या नै समस्या भएको संस्थाको अध्यक्षको भुमिका दिनको लागि जोड गरे ताकि त्यस संस्था मार्फत उनीहरुले Dr. Moon को प्रतिष्ठामा आचँ पुऱ्याउन सकुन त्यसलाई विगार्न सकुन् । सन् २००९ मा Justin UC जापानबाट UCI मा आउने सम्पुर्ण अनुदानहरु काटिदिए जुन UCI को मुख्य दाता थियो र उहाँले यो गर्नु पछाडिको मनसाय UCI लाई दिवालियापन कङ्गाल बनाउनु थियो । यद्यपि नसोचेको कुरा भयो । आफ्नो नविन नेतृत्व र रचनात्मक पुर्नगठन मार्फत Dr. Moon ले पतनको किनारामा रहेको उक्त संस्थालाई कुनै न कुनै तरिकाले उकास्न सफल हुनु भयो ।[45]

सन् २०११ मा छुट्टीएका समुहले उत्कट विन्दुमा मुद्दाको सहारा लिए । UCI माथी उनिहरुको कुनै पनि किसिमको वैधानिक दावी नहुँदाको बाबजुत पनि न्यायिक आदेशको सहायतामा UCI लाई शत्रुपुर्ण तरिकाले खोस्नका लागी उनीहरुले Dr. Moon र UCI बोर्ड विरुद्ध अदालतमा नालिस दिए । मुद्दा हाल्ने वेलामा उनिहरुले त्यस्ता कागजपत्रहरु आफैले बनाए जसले काल्पनिक कथाद्धारा रचिएका आरोपहरुलाई सहि ठह्याँउन मद्दत गर्‍यो त्यसमा यस्तो कुराहरु लेखिएका थिए कि Sean Moon FFWPU /UPF को अध्यक्ष हो र त्यही संस्थागत पदको आधारले यो देखाउछ कि उनमा Rev Moon को उत्तराधिकारी हुनको लागी पूर्ण अख्तियारी छ ।[46] अचम्मित पार्ने कुरा त यो छ कि श्रीमती हान र वादिहरुले आफ्नो वयानमा कसम खाए र अन्तमा Sean उत्तराधिकारी थिए भन्ने आफ्नै कुरालाई नकारे अनि यो पनि वयान दिए कि Sean को सैद्धान्तिक बुझाई एक विद्यालय पढ्ने विद्यार्थिको जस्तो छ ।[47] अहिले UCI मुद्दाको ९औं वर्षमा छ र यो समयावधि भरिमा सयौं मिलियन डलर त्यसै खेर गएको छ ।

UCI को मुद्दा दर्ता हुने वित्तिकै छुट्टीएका समुह छुट्टिन थाले त्यसरी छुट्टिनेमा टाटियान पहिलो थिइन जसलाईउनको अवैधानिक वैवाहिक सम्बन्धका कारण अमेरिकी अभियानको CEO पदबाट हटाइयो । माथी उल्लेखगरे जस्तै श्रीमती हानले सन् २०१२ मा Rev Moon को मृत्यु पश्चात आफुलाई आवश्यक नपर्ने भएपछि Sean र Justin लाई पनि कुनै समारोह नगरि नै त्यहाँबाट लखेटिनु भयो । त्यसको बदलामा उनिहरुले उनको आलोचना गरे[48] र आफु बच्नको लागी धार्मिक उपाए अपनाए र The Sanctuary Church मार्फत श्रीमती हान माथि सार्वजनिक रुपमै आक्रमण गरिरहे र अहिले उनी माथि

मुद्दा पनि हाले ।[49] त्यस अन्तरालमा श्रीमती हानले FFWPU लाई OBD पथमा मिलाइसक्नुभएको छ र आफुलाई देवता बनाउनको लागी अगाडि सरिराख्नुभएको छ ।[50] [51]

**हामी अहिले कहाँ उभिएका छौं ।**

वास्तवमा UCI को मुद्दा सन् २०१३ मा नै न्यायधिश अनिता जोसे हेरिङ्गले यो चर्चको सम्वन्धि कुरा हो यसलाई अदालतमा वेवास्ता गर्दै ठिक हुन्छ भन्ने आधारमा रद्द गर्नुभएको हो र उहाँलेसहि तरिकाले नै यो धार्मिक विवाद हो जसको समाधान आध्यात्मिक अख्तियारी र राजनितीबाट गर्न सकिन्छ भनेर बुझ्नुभएको हो ।[52] तर अपिल गरेर त्यो मुद्दालाई सर्वोच्च अदालतमा फेरि उल्टाइयो र अहिले सम्म पनि चलिरहेको छ जसमा DC का करदाताहरु र Unification Movement का सदस्यहरुको एकदमै ठुलो मात्रामा खर्च भइरहेको छ ।

यो मुद्दा सबैभन्दा अपमानजनक फैसला सन् २०१८ मा न्यायधिश लाउरा कोंडेरो बाट जारि गरियो, जसमा उहाँले यस मुद्दाको जटिलतालाई साथै पहिलो संसोधनलाई समेत वेवास्ता गर्नुभएको छ जुन परिक्षण वेगर जारि गरिएको छ । परिणाम स्वरुप उहाँकै फैसलाले नै Unification Movement को उत्तराधिकार, ईश्वर शास्त्र र राजनितिलाई न्यायिक आदेश मार्फत धार्मिक विवादको बीचमा निर्धारण गरिदिएको छ ।[53]

उहाँको निर्णयले धार्मिक नेतृत्वको निर्धारण गरेको छ किनभने अदालतले उत्तराधिकारी को विषयमा भएका ठुला धार्मिक विवादहरुको भएका भारी प्रमाणहरुको वेवास्ता गर्दै वादिहरुको झुठा कथाहरुको अनुसरण गरेको छ । उहाँको फैसलाले ईश्वरशास्त्र निर्धारण गरेको छ किन भने अदालतले धार्मीक शब्दावलीको मुल्याङकन गरेको छ जुन UCI वोर्डले आफ्नो Articles या Incorporation मा संसोधन गरेको छ यद्यपि धार्मिक शब्दहरुको व्यख्या र (विश्लेषण गर्न अदालतको काम भित्र पर्दैन) । अन्तत यसले Unification Movement को संस्थागत संरचना कस्तो रहने भन्ने कुरा पनि निर्धारण गऱ्यो कनभने यसले FFWPU ले अभियान माथी Supra Authority बाट नै कोही हुनुपर्छ भन्ने जुन दावा गरेको छ त्यसलाई नै गलतपुर्ण तरिकाले वैधानिक बनाइदियो । यो सबै दृढता (निर्धारण) हरु संयुक्त राज्यको संविधानको पहिलो संसोधन सँग नै सिधै विपरित छ । न्यायधिश कोडेरोको जथाभावि निर्णयले सम्पुर्ण Unification Movement मा र संयुक्त राज्यका अरु धार्मिक संस्थाहरुमा पनि गम्भिर उलटपुलट ल्याएको छ ।

यो धार्मिक पंथ वेइमान आक्रमणहरुका बाबुजुद, Clerics, श्रीमती हान र आफ्नै सहदरहरु द्धारा पिडित भई राख्दा पनि डा.मुनले शान्त नै रहनुभयो यो आशामा कि उहाँहरुले आफुले बाटो विराएको महसुस गर्नुहुनेछ र फेरि एक पटक सच्चा परिवारको रुपमा सँगै आउनुहुनेछ । Dr. Moon ले आफ्नो आमालाई पत्र मार्फत बारम्बार Rev Moon र आफुसँग मिलेर आफु सच्चा इभ र सच्चा माता हुनुको पछाडिको जुन आशा छ त्यसलाई पुरा गर्नको लागी आग्रह गरिरहनुभयो । यद्यपि, श्रीमति हान र Clerics हरुले Dr. Moon विरुद्धको आक्रमणलाई झन् तीव्र बनाए अझ Dr. Moon ले लेखेको चिठ्ठिहरुलाई Dr. Moon एक नारीदेषी व्यक्ति हो भनेर गलत चरित्र बनाउनको लागी प्रयोग गरे । (त्यो कारण अर्न्तगत हेर्ने हो भने जिशस र अरु प्राय धार्मिक व्यक्तित्वहरु पनि नारिद्धेषी नै हुनेछन्) । अझ महत्वपुर्ण रुपमा, श्रीमती हानको असैद्धान्तिक र स्वयं पुजनिय एजेन्डा Rev Moon को विरासत र Dr. Moon को

आवश्यक विधिविधानको कार्यहरुलाई खर्चेर/ बर्बाद पारेर भए पनि अगाडि बढिरहे । यस्ता अवस्थाहरुको कारणले गर्दा Dr. Moon लाई पनि जवाफ फर्काउनको लागी वाध्य पारियो ।

Dr. Moon जहिले पनि Rev Moon को शिक्षा र विरासतसँग अनि Unification Movement को उद्देश्य सँग साँचो रुपमा प्रस्तुत हुनुभएको छ । वास्तवमा उहाँ नै एउटा यस्तो व्यक्ति हुनुहुन्छ जसले सन् १९९८ मा नियुक्ति भए देखि नै साँचो र निरन्तर रुपमा Unification Movement को नेतृत्व गर्नु भएको छ । आफ्नी आमा द्धारा नेतृत्व गरिएको छुट्टीएको समुहले गरेका सम्पुर्ण विरोधका वावुजद पनि उहाँले विधिविधानको कार्य अगाडि बढाउनका लागी विश्वव्यापि रुपमै ठुलो आधारशिला खडा गर्नु भएको छ । विशेषगरि कारियन मातृभुमिको पुनमिलन महत्वपुर्ण उद्देश्यमा Rev Moon ले दशकौ अगाडि सुरु गर्नु भएको कामलाई Dr. Moon ले धेरै सफलता प्राप्तगर्दै अनि कारीयन जनताको धेरै लामो समयदेखिको आकाक्षा पुरा गर्नको लागि नयाँ पिढीलाई प्रोत्साहन गर्दै अगाडि बढाई रहनु भएको छ उहाँको दुरदर्शी किताब कोरियन ड्रिम ले कारियाको मात्र नभएर अरु महत्वपुर्ण देशहरु जसले पुर्नमिलनको कार्यमा साथ दिनु जरुरीछ, ति सबै देशका नेतृत्ववर्ग र समाजमा ठुलो मात्रामा महत्वपुर्ण प्रभाव पारिसकेको छ । उहाँको नेतृत्वले विभाजित कोरियाकको विशाल नागरिक एकिकरण गठबन्धन- Action for Korea United (AKU) , जमिनी अभियानलाई चमक दिएको छ ।[54] धेरै मानिसहरुले यो गठबन्धन सम्भव छैन भनी सोचेका थिए, अझ अहिले त AKU ले उत्तर र दक्षिणबाट लाखौ कोरियनहरुका साथै विश्वभरि रहेका कारियनहरुलाई पनि प्रभाव पार्दै यस अभियानको सैद्वान्तिक एकिकरणमा सहभागि गराएको छ ।

म ४६ बर्ष देखि यस Unification Movement को सदस्य रहदैं आएको छु र Rev Moon को सम्पुर्ण परिवारलाई चिन्दछु । मलाई लाग्छकि म जँहि तँहिको सदस्यहरुको लागि बोल्न सक्छु , जो विगत १२ बर्ष पंथको कारणबाट हैरान भएका छन् र यसलाई ठुलो त्रासदिको रुपमा हेर्छन् ‌। बफादार र सञ्चा व्यक्ति डा. ह्युन जिन प्रिस्टन मुन बिरुद्ध भए गरिएका झुठ र लगाईएका धब्बाहरु आफ्नै आखाले देखेको र आफ्नै कानले सुनेको पनि छु । Rev Moon लाई चिन्ने हामी सबैको लागि एकदमै अपमानजनक कुरा यो हो कि उहाँ कि श्रीमतीले आफ्नो छोरालाई आफ्नो अधिनमा राख्न र उहाँबाट आध्यात्मिक अख्तियारी खोस्नको लागि कुस्ती खेल्नेसम्मको आतुर प्रयास उहाँबाट भएको छ र यसको लागि उहाँले धर्मनिरपक्ष अदालतको साहरा लिनु भएको छ जुन हामीले देख्नु परेको छ ।

म न्यायधिस कोडेरोको फैसलाले मर्माहित भएको छु किन की यसमा धार्मीक द्वन्द्व र यस मुद्दाको चुरोको रुपमा रहेको पंथको ठुलो प्रमाणहरुको वेवास्ता गरिका छन् साथै धार्मिक स्वत्रन्त्रताको रक्षा गर्ने पहिलो संसोधन माथि पनि यो फैसला क्रुर रुपमा प्रस्तुत गरिएको छ । यो फैसालाले सम्पुर्ण धार्मिक समुदायहरु र विश्वासीहरु माथी धावा वोलेको छ र एउटा गलत उदाहरण प्रस्तुत गरेको छ । के न्यायधिस कोर्डेरो नयाँ धार्मीक अभियानको निर्णय सुनाउन र प्रतिवादीहरुलाई सजाय दिन जती हत्तारिनु भएको छ , यसरी नै मुख्य धारको विश्वासको मुद्दामा पनि फैसला र सजाय सुनाउन हत्तारिनु हुन्थ्यो होला ? उहाँको फैसालाले इमन्दार आश्थावान र सम्पुर्ण विश्वासीहरुको समुदायको दृढ विश्वासलाई पाखा लगाएको छ । हाम्रो विश्वास गर्ने अधिकार अपुर्व छ जुन सृष्ट्रिकर्ताले सम्पनता गराएजस्तै, DC अदालतले यसलाई गम्भिर पुर्ण रुपमा गलत तरिकाले लिएको छ; धार्मीक पंथमा कसैको पक्ष लिन अदालतले पाउदैन । न्यायधिस जेनिफर एन्डरसन UCI मुद्दामा हालसालै नियुक्ती (अध्यक्षता ग्रहण गर्नुभएको छ) र अझै पनि सहि काम गर्ने अधिकार उहाँमा छ । पहिलो संसोधनको आधारमा उहाँले मुद्दा राम्रो संग खारेज गर्न

सक्नुहुन्छ । यसो गर्नु डि.सी पुनरावेदन अदालतको मुद्दा खारेज गर्न दिइएको सुझाव संग मिल्न जान्छ, यदि यो मुद्दा धार्मिक सिद्धान्त र संस्थाको कुराहरुमा जोडिएको छ भने ।[55]

UCI मुद्दा कोलम्बिया जिल्लाका र अरु ठाउँका धार्मिक संस्थाहरु, धार्मिक स्वतन्त्राका अधिवक्ताहरु र मुनाफा नकमाउनेहरुका लागी एउटा न्यायिक फन्दाको चेतावनी हो । विश्वभरी बाट सयौँ हजार सदस्यहरु र म एकदम मन देखि नै प्रार्थना गरिरहेका छौं कि न्यायधिस एन्डरसनले आफ्नो अन्तश्चेतना लाई मान्नुहुनेछ साथै सर्वोच अदालतको न्यायधिसको रुपमा पनि संविधान पुर्ण पालना गर्ने आफ्नो प्रतिवद्धता पालना गर्नुहुनेछ र यो मुद्दा खारेज गर्नुहुनेछ ।

## निष्कर्ष

Unification Movement मा भएको पंथवाद, वास्तवमा एउटा ठुलो दुर्घटना हो, एकताको अन्बेषण हो, सदस्यहरुको समय र मेहनतको दुरुपयोग (भद्रगोल) हो जसले महत्वपुर्ण आर्थीक स्रोत साधनहरुको असम्बद्ध तरिकाले खेर फालिएको छ भन्ने कुरामा सबैजना सहमत नै हुनुहुन्छ । सन् २००८ सम्म शान्ति स्थापनार्थ हासिल गरिएका विश्वव्यापि गति पनि गुमेको छ । त्यस मध्ये पनि सबै भन्दा दर्दनाक कुरा त एउटै विश्वव्यापी परिवार हुँदा जुन किसिमको प्रेम र विश्वासको महसुस हुन्थ्यो त्यो पनि गुमेको छ । हामी सँग अझै पनि जे गुमेको छ त्यो फेरि प्राप्त हुन्छ भन्ने आशा अझै पनि छ किन भने ईश्वर वास्तविक हुनुहुन्छ ।

यदि हामीले यो पंथ वादलाई जितेर फेरी एक हुन चाहन्छौ भने यो छर्लङ्ग छ कि यो सब कसरी भयो भन्ने कुराको सच्चाई जान्नु आवश्यक हुन्छ । त्यसपछि सत्यको हतियारले सुसज्जित भएर हाम्रो गल्तिहरुलाई सहि तरिकाले सच्याउन पर्दछ अनि पछि ईश्वरद्धारा दिईएको हाम्रो लक्ष्य जुन छ त्यस तर्फ अगाडि बढ्नुपर्छ ।

यो अपुर्ण लेखाई भित्रका विस्तृत विवरण हुन जुन कुराहरु ठुला Unification Movement का धेरै सदस्यहरुले कहिले थाहा पाएनन् । यो पढ्दा धेरै कुराहरु दुःख पुर्ण छन् , तर जो व्यक्तिले जस्तो भुमिका खेले पनि माथि उल्लेखित हरेक व्यक्तिको लागी ईश्वरको प्रेमको दृष्ट्रिकोणले हेरेको छु । मेरो आशा र दृढ विश्वास यो छ कि, ईश्वरको प्रेम र सत्यले हामीलाई यस विभाजनको अर्को पट्टि लग्नुहुनेछ ।

भवदिय

होवार्ड सि.सेल्फ

---

1 Book by Sun Myung Moon, *As a Peace-loving Global Citizen*, Gimm-Young Publishers, 2009, pp.121-125
2 Publication by Massimo Introvigne, *From the Unification Church to the Unification Movement, 1994-1999: Five Years of Dramatic Changes*, Signature Books, 1999
3 Book by Sun Myung Moon, *As a Peace-loving Global Citizen*, Gimm-Young Publishers, 2009, pp.121-125
4 Report from Hyun Jin Moon to True Parents, "Report to Parents", March 23, 2008
5 Speech by Sun Myung Moon published in *Today's World Magazine* (July 1998 Issue, Vol. 19, No. 7), "Vice Presidential Inauguration of Mr. Hyun Jin Moon", July 19, 1998, pp.4-7
6 Notes from a leaders meeting held at New Yorker Hotel Grand Ballroom, USA, "Leaders Meeting", January 30, 2001
7 Book by Hyun Jin Moon, *Realizing God's Dream*, 2011, p.97
8 Book by Chung Hwan Kwak, *Truth Shall Prevail: Understanding the Conflict within the Unification Movement and its Resolution*, Aju Media, 2019, pp.151-152

9 Speech by Sun Myung Moon published in *Today's World Magazine* (April/May 2004 Issue, Vol. 25, No. 3), "Fifty Years of the Providential Path to the Realization of God's Fatherland the Peace Kingdom", April 30, 2004, pp.4-7

10 *Unification News* (Vol. 26, No. 3), "Hyun Jin Nim Proclaims Message of Peace: 12 City USA Speaking Tour", March 2007

11 Compilation of speeches from the Global Peace Festival 2008 World Tour, *One Family Under God*, Global Peace Festival Foundation, 2009

12 Presentation given by Joshua Cotter, "The Current Situation: Chung Hwan Kwak and Hyun Jin Nim's Positions in Light of the Principle", 2010

13 Public letter by Kiyoshi Seino, "Letter to the Leadership of the Unification Church in Japan about Hyun Jin Moon", June 21, 2012

14 Speech by Hak Ja Han, "A Time to Be United, Inside and Out", Cheon Jung Gung, Chung Pyung, Korea, July 1, 2014

15 Speech by Hyung Jin Moon, "The Beginning of the third year of Cheon-gi", National Leaders World Assembly, Korea, January 21, 2012

16 Article by Yeon-ah Lee published in *Today's World Magazine* (June 2011 Issue, Vol. 32, No. 5), "Mother of Heaven and Earth: My Mother", pp.12-15

17 YouTube video of Sun Myung Moon's speech, "The Abel Women UN Inauguration Assembly", Cheongshim Peace World Center, Korea, July 16, 2012

18 Public letter by Hyung Jin Moon and Yeon-ah Lee Moon, "Letter to Unification Church USA", February 24, 2013

19 Family Federation for World Peace and Unification International, Official Memo (Ref. No. FFWPUI 2014-12), "Cheon Il Guk Constitution and Cheon Il Guk Supreme Council", February 28, 2014

20 Book by Jongsuk Kim, *Split of the Unification Movement*, Aunae Publishers, 2017, pp.233-247

21 Vimeo video of Joshua Cotter's lecture in Chicago, IL, USA, "The Current Situation: Chung Hwan Kwak and Hyun Jin Nim's Positions in Light of the Principle", November 4, 2010

22 Article in United Press International, "Moon Wake Shows Family Tension", September 11, 2012

23 Public letter by Kyung Hyo Kim, "Nobody Can Interrupt Hyun Jin Moon's Visit to True Father's Seong Hwa", September 10, 2012

24 Photo of a human blockade formed to keep Hyun Jin Moon from participating in his father's funeral, September 12, 2012

25 Publicly available account of Rev. Dr. Sun Myung Moon's Universal Seonghwa Ceremony held on September 15, 2012. The page includes the list of bereaved family members. Hyun Jin Moon's entire family had been omitted.

26 Book by Chung Hwan Kwak, *Truth Shall Prevail: Understanding the Conflict within the Unification Movement and its Resolution*, Aju Media, 2019, pp.177-179

27 "Hyung Jin Moon, Kook Jin Moon, and In Jin Moon Sharing with Leaders at the World National Leaders Assembly", February 19, 2010

28 Powerpoint released by Blessed Central Families for Truth and Transparency, "Facts Behind the Change of Leaders of the Unification Church in the United States and Hyun Jin Moon's Removal from his Public Positions", 2010

29 Unification Church World Mission Headquarters, Official Memo (Ref. No. WMH 2013-17), "Renaming the Unification Church World Mission Headquarters and Guidelines for Using the Emblem of the Family Federation for World Peace and Unification", January 18, 2013

30 Transcript of Hyung Jin Moon's speech in Washington, D.C., USA during a 4-City tour, September 4, 2009

31 Testimony by Hyung Jin Moon published in *Today's World Magazine* (September 2011 Issue, Vol. 32, No. 6), "Learning at Father's Side", p.2 and p.23

32 US District Court for the Southern District of New York, "Moon v. Moon et al", Case No. 7:2019cv01705, February 22, 2019

33 Speech by Hyung Jin Moon at the National Leaders World Assembly in Korea, "The Beginning of the Third Year of Cheon-gi", January 21, 2012

34 Article by Yeon-ah Lee published in *Today's World Magazine* (June 2011 Issue, Vol. 32, No. 5), "Mother of Heaven and Earth: My Mother", pp.12-15

35 YouTube video of a Question & Answer Session with Hyung Jin Moon & Kook Jin Moon on October 31, 2016

36 Article by Hong Keun Song for *Shin Dong-A Magazine* (May 2013 Issue), "Crisis in the Unification Church after Rev. Moon's Death"

37 YouTube video of Man-Hwe Jeong's testimony, "I Was Assaulted for Defending My Own Principles", August 18, 2020

38 Family Federation for World Peace and Unification International, Official Memo (Ref. No. FFWPUI 2010-20), "Announcement of Dismissal of Regional Vice-President in South America Region", June 3, 2010

[39] Family Federation for World Peace and Unification International, Official Memo (Ref. No. FFWPUI 2009-57), "Announcement of Changes of National Leaders in Africa Region", December 28, 2009

[40] Family Federation for World Peace and Unification International, Official Memo (Ref. No. FFWPUI 2010-02), "Announcement of Appointment of National Leader in Philippines, Asia Region", January 7, 2010

[41] Family Federation for World Peace and Unification International, Official Memo (Ref. No. FFWPUI 2009-53), "Announcement of Personnel Change of YFWP International President", December 2, 2009

[42] Vimeo video of June 5, 2010 Proclamation with English Subtitles

[43] Vimeo video entitled "Hak Ja Han's Deceptive Events Targeting Christians", October 26, 2018

[44] Superior Court of the District of Columbia, "Defendant UCI's Answer, Affirmative Defenses, and Counterclaim of Defendant Hyun Jin (Preston) Moon", Case No. 2011 CA 003721 B, August 24, 2012

[45] Public statement of facts issued by UCI regarding the situation of *The Washington Times*, July 16, 2010

[46] Superior Court of the District of Columbia, "Family Federation For World Peace And Unification International, et al v. Hyun Jin Moon et al", Case No. 2011 CA 003721 B, May 11, 2011

[47] YouTube video of Hak Ja Han's deposition held on July 13, 2018, "Hak Ja Han Deposition Day 1 Part 3"

[48] YouTube video of a sermon by Hyung Jin Moon at Sanctuary Church in Newfoundland, Pennsylvania, "The Mystery of Babylon", September 13, 2015

[49] US District Court for the Southern District of New York, "Moon v. Moon et al", Case No. 7:2019cv01705, February 22, 2019

[50] Vimeo video of the unveiling ceremony of new structures and sculptures in Chung Pyung, Korea on September 28, 2020.

[51] Image of one sculpture recently erected in Chung Pyung, Korea, September 28, 2020

[52] Superior Court of the District of Columbia, "Memorandum Opinion", Case No. 2011 CA 003721 B, December 19, 2013

[53] Superior Court of the District of Columbia, "Defendant's Finding of Fact and Conclusions of Law", Case No. 2011 CA 003721 B, November 25, 2019

[54] Website report of a Yonhap News YSpecial Program with Hyun Jin Moon, "Dr. Hyun Jin P. Moon Describes a Vision for a Unified Korea in Yonhap News Interview", August 2019

[55] Superior Court of the District of Columbia, "Defendant's Finding of Fact and Conclusions of Law", Case No. 2011 CA 003721 B, November 25, 2019